नेपाल सरकार

गृह मन्त्रालय

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा



दर्जा:- प्रहरी निरीक्षक
नामथर:- विष्णु हरी फुयाँल
कार्यरत:- इलाका प्रहरी कार्यालय सिंगटी, दोलखा।

कम्प्युटर कोड नं.:- ४३८२५१
संकेत नं.:- C-००११७५००

## BEST PROVINCE POLICE OF THE MONTH

इलाका प्रहरी कार्यालय सिंगटी, दोलखा दरबन्दी भई कार्यरत (कम्प्युटर कोड नं.४३८२५१, संकेत नं.C-००११७५००) प्र.नि. विष्णु हरी फुयाँलले मिति २०८२।११।०२ गते अं.०३:०० बजेको समयमा जि.दोलखा कालिञ्चोक गा.पा. वडा न. ५ बस्ने वर्ष ५१ की देउमाया थामीलाई ऐ.ऐ. बस्ने वर्ष ६८ को चन्द्र बहादुर थामीले खुकुरी तथा ढुङ्गा प्रहार गरी हत्या गरी फरार भएकोमा प्रतिवादी चन्द्र बहादुर थामीलाई खोजतलास गर्ने क्रममा ऐ.ऐ. वडा नं.६ स्थित अँधेरी खोलामा लुकिछीपि बसेको अवस्थामा पक्राउ गरेको, मिति २०८२।११।०९ गते अं. १८:३० बजेको समयमा जिल्ला दोलखा, बिगु गा.पा.०६ आलम्पु मेथाङ बस्ने वर्ष अं. ७६ की चन्द्रिमाया थामीलाई आफ्नै घर नजिक रहेको बारीमा काम गरिरहेको अवस्थामा ऐ.ऐ, बस्ने वर्ष ५४ को गोप्छुङ भन्ने पुर्ण बहादुर थामीले गालिगलौज गरी एक्कासी ढुंगाले टाउकोमा प्रहार गर्दा सख्त घाइते बनाई फरार भएकोमा मिति २०८२।११।१० गते बिहान ०४:०० बजेको समयमा गोप्छुङ भन्ने पुर्ण बहादुर थामीलाई निजकै घरबाट पक्राउ गर्न सफल, मिति २०८२।११।१५ गते राती अं. २१:३० बजेको समयमा परिवर्तित नाम ९६ (सान ३२३) लाई ऐ.ऐ. स्थित आफ्नै भान्सा घरमा जिल्ला कन्चनपुर, कृष्णपुर न.पा.वडा नं.१ वतन भएका अं. वर्ष ३० को पर्शु चौधरीले जबरजस्ती करणी गरि फरार रहेकोमा मिति २०८२।११।१६ गते ०२:३० बजेको समयमा गौरीशंकर गा.पा.वडा नं.५ सुरी किस्पानमा लुकिछीपि बसेको अवस्थामा पक्राउ गर्न सफल भएको साथै प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा जि.दोलखा कालिन्चोक गा.पा. वडा न १,२,३ र ४ मा मोवाईल कमाण्डरको रुपमा खटी निर्वाचनलाई शान्त, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गराउने कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा निजबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निजलाई "महिनाको उत्कृष्ट प्रहरी छनौट कार्यविधि, २०७९" अनुसार **२०८२ साल फागुन** महिनाको **"सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST PROVINCE POLICE OF THE MONTH)"** घोषणा गरिएको छ।

सर्वोत्कृष्ट प्रदेश प्रहरी हुनु भएकोमा हार्दिक बधाई छ।

**दिपक रेग्मी**
**(प्रहरी नायव महानिरीक्षक)**
**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा।**

**मिति:-२०८२ चैत ०२ गते।**